आज मिति २०६८ कार्तिक ११ गते शनिबारको दिन यस स्वरोजगार लघुवित्त विकास बैंकको नवौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा बसी तपसिलका उपस्थितिमा तपसिल का प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो ।

तपसिलका उपस्थिति

१) संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डे ज्यू -
२) प्रमुख कार्यकारी अधिकृत एवं कम्पनी सचिव उदय राज खतिवडा -
३) प्रवर्धक र सर्वसाधारण शेयरधनीहरुको उपस्थिति (पुस्तिका २ प्रति संलग्न)
४) अन्य आमन्त्रित महानुभावहरुको उपस्थिति (सिट संलग्न)
५) कर्मचारी उपस्थिति (सिट संलग्न)

आजको साधारण सभाको वैधानिकता

आजको साधारण सभामा संस्थापक (प्रवर्धक) शेयरधनी ३३ जना र सर्वसाधारण शेयरधनी २३६० जना गरी कुल २४२३ जना शेयरधनीहरु मध्ये संस्थापक समूहबाट ६१ जना र सर्वसाधारण समूहबाट २५२ जना गरी ३१३ जनाको उपस्थिति भई संस्थापकको ~~[illegible]~~ ५,३२,४६०.२२ कित्ता र सर्वसाधारण समूहको ५,१४,४३०.५८ कित्ता गरी कुल संख्या १०,४९,९८०.८० कित्ता (अक्षरमा दश लाख उनानपचास हजार नौ सय असी दशमलव आठ शून्य कित्ता) शेयर मध्ये ५,३१,३२५ कित्ता शेयर(धनी) को प्रतिनिधित्व भएकोले र यो कुल शेयर कित्ताको ५६.३१% (अक्षरमा छपन्न दशमलव तीन एक प्रतिशत) भएको हुँदा यस स्वरोजगार लघुवित्त विकास बैंकको नियमावलीको नियम नं. २३ अनुसार र कम्पनी ऐन २०६३ को दफा ६३ को उपदफा २ अनुसार वैधानिक साधारण सभा हुने व्यहोरा सभालाई कम्पनी सचिव र कानूनी सल्लाहकारबाट जानकारी गराइयो। एवं यस सभाको सूचना साधारण सभा हुने मिति भन्दा एक्काइस दिन अगाडी राष्ट्रिय दैनिकमा प्रकाशित गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनुपर्ने यस बैंकको नियमावलीको नियम १८(३) अनुसार अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा २०६८/०६/०६ गते प्रथमपटक र आर्थिक अभियान राष्ट्रिय दैनिकमा २०६८/०६/०८ गते दोस्रो पटक प्रकाशित गरिएको थियो। यसै गरी साधारण सभाको बारेमा दफा ६८ को विवरण र दुई पटक राष्ट्रिय दैनिकमा प्रकाशित प्रमाण सहित २०६८/०६/२० गते कम्पनी रजिष्ट्रारको कार्यालयमा (कार्यालयको वेबसाइट www.ocr.gov.np मार्फत अपलोड गरिएको थियो। अस्थायी दर्ता नं. ४११६८५ र स्थायी दर्ता नं. ६०४५४३ रहेकोछ) पेश गरिएको थियो। यस अनुसार संचालक समितिको मिति २०६८/०६/०४ गतेको १५० औं बैठकको निर्णय अनुसार विधिवत डाकिएको साधारण सभाले तपसिलका प्रस्ताव उपर छलफल गरी तपसिल का अनुसार निर्णयहरु गरियो ।

~~~~१।-।११।तिर

तपसिलका प्रस्तावहरु

(क) साधारण प्रस्तावहरु

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने नवौं बार्षिक प्रतिवेदन – २०६३/६४ माथि छलफल तथा पारित गर्ने सम्बन्धमा।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६४ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.ब. २०६३/६४ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसूचीहरु छलफल गरी पारित गर्ने सम्बन्धमा।

३) आ.ब. २०६४/६५ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।

४) आ.ब. २०६३/६४ को लागि नियामक निकायको निर्देशानुसार श्री जि. बि. एण्ड कम्पनीको सट्टा श्री बि. आर. एस. न्यौपाने एण्ड कम्पनीलाई संचालक समितिले पुराने शर्तहरु लागु हुने गरी मिति २०६४/०४/३० मा नियुक्त गरेकोमा सो को अनुमोदन सम्बन्धमा। (यस सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट अग्रिम स्वीकृति लिइ सकिएको छ।)

५) संचालक समितिले प्रस्ताव गरे ~~बमोजिम~~ बमोजिम आ.ब. २०६३/६४ को मुनाफा बाट शेयर रु.१०,४९,९८,०८०/- को आधारमा ०.८८% को दरले हुने नगद लाभांश रु.९,२१,०३५/६९ (अक्षरपी नौ लाख एक्काइस हजार पैंतिस र पैसा उनानअसी मात्र) (बोनस शेयरको कर प्रयोजनको लागि मात्र) पारित गर्ने सम्बन्धमा। (२०६४ क्लोज हुने मिति सम्ममा कायम चुक्ता पूँजी रु.६,९९,९८,६२० को आधारमा १.३२% भएता पनि धितोपत्र बोर्डको नियमानुसार साधारण सभा प्रयोजनको लागि तोकिएको बुक क्लोज हुने मिति सम्ममा कायम चुक्ता पूँजी रु.१०,४९,९८,०८०/- को आधारमा ०.८८% निर्धारण भएको।

६) संचालक समितिको भत्ता र सुविधा बृद्धि गर्ने सम्बन्धमा।

(ख) विशेष प्रस्तावहरु

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयर रु.१०,४९,९८,०८०/को आधारमा १६.६६% को दरले हुने रु.१,७४,९९,६८०/- (अक्षरपी एक करोड चौहत्तरलाख – उनानसय हजार छ सय असी मात्र) बोनस शेयर पारित गर्ने सम्बन्धमा। यसरी दिइने बोनस शेयर भिन्न अंकमा आएमा बिगतको भिन्न अंकमा जोडी पूर्ण अंकमा बोनस शेयर जारी गर्ने र बाँकी रहने भिन्न अंकलाई पछि पूर्ण अंक पुगेपछि दिने गरी छुट्टै राख्ने वा नियमानुसार अन्य उपयुक्त व्यवस्था गर्ने र सोही हदसम्म जारी पूँजीको र चुक्ता पूँजी बृद्धि गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा। (२०६४ आषाढ मसान्तको चुक्ता पूँजी रु.६,९९,९८,६२०/- को आधारमा २५% भएता पनि धितोपत्र बोर्डको नियमानुसार साधारण सभा प्रयोजनको लागि तोकिएको बुक क्लोज हुने मिति सम्ममा कायम चुक्ता पूँजी रु.१०,४९,९८,०८०/- को आधारमा १६.६६% निर्धारित भएको)

~~~~१।-।११।तिर

२) संचालक समितिले प्रस्ताव गरे बमोजिम बोनस शेयर पछिको चुक्ता पूँजीमा १०० प्रतिशत अर्थात १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने सम्बन्धमा ।

३) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा ।

४) बैंकको कार्यक्षेत्र विस्तार गरी राष्ट्रिय स्तरको बनाउने सम्बन्धमा ।

५) बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०६३ अनुसार नाम ("स्वरोजगार लघुवित्त विकास बैंक लि." को बदलामा "स्वरोजगार लघुवित्त वित्तिय संस्था लि.") संशोधन गर्ने सम्बन्धमा ।

६) संचालक समितिमा ३ जना सर्वसाधारण संचालकको निर्वाचन सम्बन्धमा ।

७) १ जना संस्थापक समुहको संचालकले पदबाट राजिनामा दिएको जानकारी सम्बन्धमा ।

८) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव गरे बमोजिम संशोधन गर्ने सम्बन्धमा ।

९) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि संचालक समितिलाई अख्तियार प्रदान गर्ने सम्बन्धमा ।

१०) बैंकको केन्द्रिय कार्यालयको ठेगाना परिवर्तन सम्बन्धमा ।

११) बिबिध ।

तपशिलका निर्णयहरु (साधारण प्रस्तावहरु)

निर्णय नं १) अध्यक्ष ज्यूले प्रस्तुत गर्नु भएको प्रतिवेदन उपर छलफल गरियो । जसमा शेयरधनी श्री उद्धव प्रसाद घिमिरे ज्यूले (i) नौं बर्षमा संस्थाले गरेको प्रगति सकारात्मक छ (ii) सदस्यहरुको पनि बिमा गरिदिनुपर्‍यो । (iii) साधारण सभा असोजमै गर्नुपर्‍यो । (iv) संस्थाको केन्द्रिय कार्यालयको आफ्नै भवन हुनुपर्‍यो । (v) हकप्रद निष्काशन गरी पूँजी बढाउन लागेको सकारात्मक छ भन्नु भयो । यसै गरी दोस्रो वक्ता कैलाश रौनियार ज्यूले (i) १६.६६% बोनस राम्रो हो । (ii) बोनस पछिको पूँजीमा १:१ हकप्रद दिन लागेको पनि राम्रो हो । (iii) EPS बढाउनु पर्‍यो यो घट्न थालेको छ । (iv) शाखा विस्तार राम्रो छ । (v) कर्मचारी समावेशी भएकोमा धन्यवाद छ । (vi) शेयरधनीले बुझन बाँकी लाभांशको नामावली प्रकाशन गर्नुपर्ने । (vii) NFRS अनुसार Audit गर्नुपर्‍यो । (viii) निस्कृय कर्जा बढेको नराम्रो भयो । (ix) आगामी दिनमा यो भन्दा यो भन्दा बढी दिईने भए राम्रो भन्नुभयो । तेस्रो वक्ता श्री इन्द्र कृष्ण श्रेष्ठ ज्यूले (i) स्थानिय स्तरको कर्मचारीहरुलाई रोजगारिको अवसर दिनुपर्‍यो । (ii) बेरोजगारहरुलाई रोजगारको अवसर दिनुपर्‍यो । चौथो वक्ता श्री राम प्रसाद अर्याल ज्यूले (i) स्वरोजगार नाम नै राम्रो लाग्यो भन्नुभयो । (ii) सदस्यहरुको प्रगतिको पनि लेखाजोखा गर्नुपर्‍यो । (iii) आगामी बर्ष कति लाभांश दिने प्रष्ट पार्नुपर्‍यो । पाँचौं वक्ता श्री सरोज श्रेष्ठ ज्यूले (i) संस्थाको प्रगति संतोषजनक छैको (ii) शाखा विस्तार गर्दा योजनाबद्ध रुपमा गर्नुपर्ने । (iii) देश बाहिरबाट हाल्नेमा सापटी रकम ल्याउनुपर्‍यो जस्तो गर्दा सदस्यहरु

लाई नेपालमा कर्जा दिन सकियोस भन्नु भयो। छैटौं वक्ता लक्ष्मी प्र. ढुंगेल ज्यूले (i) २५% बोनस घोषणा गरी १६.६६% मात्र दिएकोमा संस्थाको विश्वसनियता भएन (ii) संस्थामा इमान्दारीता, विश्वसनियता र पारदर्शिता हुनुपर्‍यो। (iii) डायसमा एक जना पनि महिला देखिएन। (iv) नीतिगत तहमा पनि महिलालाई राख्नुपर्‍यो (v) बोनस जोडेर हकप्रद हो कि होइन भनि स्पष्ट गरि दिनु पर्‍यो भन्नुभयो।

यसरी ६ जना वक्ताले अध्यक्ष ज्यूको प्रतिवेदन उपरको छलफलमा भाग लिनुभयो। एवं आफ्ना सल्लाह सुझाव र जिज्ञासाहरु राख्नु भयो। यसरी वहाँहरुले राखेको जिज्ञासा उपर बैंकको अध्यक्ष श्री ज्ञानेन्द्र प्र. पाण्डे ज्यूले "यहाँहरुको सल्लाह सुझाव लाई मनन गर्दै कार्यक्रम अगाडी बढाउने छौं" भन्नुभयो। यसका साथै जिज्ञासाहरुको पनि बुंदागत जवाफ दिनुभयो। यसरी अध्यक्ष ज्यूको जवाफ पछि वार्षिक प्रतिवेदनको बारेमा शेयरधनी ज्यूहरुबाट बहुमतले ताली पिटेर पारित गरियो।

निर्णय नं. २) लेखापरीक्षण प्रतिवेदन (आ.व.२०६३/६४) माथी सामान्य छलफल गरी पारित गरियो।

निर्णय नं. ३) आ.व. २०६४/६५ को लागि लेखापरीक्षकमा श्री डि. उत्सव एण्ड एसोसिएटस, चार्टर्ड एकाउन्टेन्टस, काठमाडौं, नेपाल लाई वैधानिक लेखापरीक्षणको सम्पूर्ण कार्य (वार्षिक लेखा परीक्षण, कर लेखा परीक्षण, दफा ५१ र ६८ प्रमाणीत लगायत आवश्यक अन्य कार्य समेत) को लागि सम्पूर्ण कर सहित रु.११३,०००/- (अक्षरेपी एक लाख तेह्र हजार मात्र) पारिश्रमिक दिने निर्णय गरियो।

निर्णय नं. ४) आ.व. २०६३/६४ को लागि नियामक निकायको निर्देशानुसार श्री जि.बि. एन्ड कम्पनीको सट्टा श्री बि.आर.एस. न्यौपाने एण्ड कम्पनीलाई संचालक समितिले पुरानै शर्तहरु लागु हुने गरी २०६४/०४/३० मा नियुक्त गरेकोमा सो को अनुमोदन गरियो।

निर्णय नं. ५) आ.व. २०६३/६४ को मुनाफा बाट चुक्ता पूँजीको ०.८८% का दरले हुने रु. ९,२१,०३५/८९ (अक्षरेपी नौ लाख एक्काइस हजार पैंतिस र पैसा उनानब्बे मात्र) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनको लागि मात्र) पारित गरियो।

निर्णय नं. ६) संचालक समितिको भत्ता सुविधा को प्रस्ताव उपर छलफलमा प्रस्ताव गरे अनुसार पारित गरियो। जस्मा अध्यक्षको बैठक भत्ता रु.४,५००/- (अक्षरेपी चार हजार पाँच सय मात्र) संचालकको बैठक भत्ता रु.४०००/- (अक्षरेपी चार हजार मात्र) हुनेछ। यसैगरी दैनिक भ्रमण भत्ता स्वदेशमा दैनिक रु.२,०००/- (अक्षरेपी दुई हजार मात्र), भारतमा दैनिक भ्रमण भत्ता भा.रु. ३०००/- (अक्षरेपी तीन हजार मात्र), भारत बाहेकका अन्य विदेशी मुलुकमा दैनिक भ्रमण भत्ता अमेरिकी डलर १००/- (~~अमेरिकी~~ अक्षरेपी अमेरिकी डलर एक सय मात्र) हुने निर्णय गरियो।

[signature] १८।१०।६४ [signature]

विशेष प्रस्तावका निर्णयहरु

निर्णय नं. १) आ.ब. २०६३/६४ को मुनाफाबाट चुक्ता पूँजीको १६.६६% का दरले हुन आउने रु. १,७४,९९,६८०/- (अक्षरेपी एक करोड चौहत्तर लाख उनानसय हजार छ सय असी मात्र) बोनश शेयर पारित गरियो।

निर्णय नं. २) संचालक समितिले प्रस्ताव गरे बमोजिम बोनस शेयर पछिको चुक्ता पूँजीमा १००% अर्थात १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने निर्णय गरियो।

निर्णय नं. ३) बैंकको जारी तथा चुक्ता पूँजी ३ महलमा प्रस्ताव गरे बमोजिम — रु. २४,४९,९५,५२०/- (अक्षरेपी चौबीस करोड उनानपचास लाख पन्चानब्बे हजार पाँच सय बिस मात्र) पुऱ्याउने निर्णय गरियो।

निर्णय नं. ४) बैंकको कार्यक्षेत्र विस्तार गरी राष्ट्रिय स्तरको बनाउने निर्णय गरियो।

निर्णय नं. ५) बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०६३ अनुसार एवं ३ महलमा उल्लेखगरिए अनुसार "स्वरोजगार लघुवित्त वित्तिय संस्था लि." भनी संशोधन गर्ने निर्णय गरियो।

निर्णय नं. ६) संचालक समितिमा ३ जना सर्वसाधारणको संचालकको निर्वाचन हुने प्रक्रियामा ३ जना मात्रको मनोनयन भई निर्विरोध निर्वाचित हुनुभएका श्री राम चन्द्र बन्जाडे, श्री भुपति राज पाण्डे र श्री गोकुल न्यौपाने लाई स्वागत गर्दै निर्वाचन कार्य र यसको प्रक्रियालाई अनुमोदन गरियो।

निर्णय नं. ७) १ जना संस्थापक समूहका संचालक श्री सागर राज जोशीले राजिनामा दिनुभएको र स्वीकृत भएको जानकारी अवगत ~~अनुमोदन~~ गरियो।

निर्णय नं. ८) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा यस साधारण सभाले पारित गरेका एजेण्डाहरु ३ महलमा प्रस्ताव गरे बमोजिम संशोधन गर्ने प्रस्ताव अनुमोदन गरियो।

निर्णय नं. ९) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिवर्तन वा फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने प्रस्ताव अनुमोदन गरियो।

निर्णय नं. १०) बैंकको केन्द्रिय कार्यालयको ठेगाना बनेपा-६, काभ्रेपलान्चोक बाट बनेपा-५, काभ्रेपलान्चोकमा सार्ने निर्णय गरियो। एवं सो प्रक्रियाको लागी नेपाल राष्ट्र बैंक बाट अनुमति लिने कार्य गर्ने निर्णय गरियो।

निर्णय नं. ११) बिबिधमा दुई जना पूर्वसंचालक ज्यू हरुलाई बिदाइ गरियो एवं अतिथि ज्यूहरु लाई मायाको चिनो प्रदान गर्दै अद्यक्ष ज्यूबाट सबै सहभागी शेयरधनी महानुभाव र अन्य अतिथि लगायत साधारण सभा सम्पन्न गर्न सहयोग गर्नुहुने सबैलाई धन्यबाद ज्ञापन सहित सभा बिसर्जन गर्नुभयो।

[signature] १८।१०।६४ [signature]